आज मिति २०७७ भदौ १९ गते शुक्रबारको दिन बिहान ७:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ९१ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | कार्यपालिका सदस्य श्री जय थापा मगर (वडा अध्यक्ष, १ नं. वडा) | सदस्य | |
| ४. | कार्यपालिका सदस्य श्री रामचन्द्र क्षेत्री (वडा अध्यक्ष, २ नं. वडा) | सदस्य | |
| ५. | कार्यपालिका सदस्य श्री शिवभक्ति बलामी (वडा अध्यक्ष, ३ नं. वडा) | सदस्य | |
| ६. | कार्यपालिका सदस्य श्री पुष्कर खड्का (वडा अध्यक्ष, ४ नं. वडा) | सदस्य | |
| ७. | कार्यपालिका सदस्य श्री श्याम बहादुर खत्री (वडा अध्यक्ष, ५ नं. वडा) | सदस्य | |
| ८. | कार्यपालिका सदस्य श्री शंकरमान महर्जन (वडा अध्यक्ष, ६ नं. वडा) | सदस्य | |
| ९. | कार्यपालिका सदस्य श्री हरि प्रसाद तिमल्सेना (वडा अध्यक्ष, ७ नं. वडा) | सदस्य | |
| १०. | कार्यपालिका सदस्य श्री राज कुमार लामा (वडा अध्यक्ष, ८ नं. वडा) | सदस्य | |
| ११. | कार्यपालिका सदस्य श्री अमृका बलामी (वडा अध्यक्ष, ९ नं. वडा) | सदस्य | |
| १२. | कार्यपालिका सदस्य श्री कविता खत्री | सदस्य | |
| १३. | कार्यपालिका सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | कार्यपालिका सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १५. | कार्यपालिका सदस्य श्री मिना मगर | सदस्य | |
| १६. | कार्यपालिका सदस्य श्री रमा पहरी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य श्री राजेश परियार | सदस्य | |
| १८. | कार्यपालिका सदस्य श्री लक्ष्मी भण्डारी | सदस्य | |
| १९. | कार्यपालिका सदस्य श्री शारदा आचार्य | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत श्री काजी कुमार पोखरेल | सचिव | |

**सचिवालय कर्मचारी** :-

१. श्री दिपक कुमार के.सी. (योजना, अनुगमन तथा प्रशासकीय अधिकृत)

२. श्री गणेश गुरुङ (लेखा अधिकृत)

३. श्री ननिता खत्री (निर्णय टाईपमा सहयोग गर्ने कर्मचारी)

मिति २०७७/५/१८ गते नगर प्रमुखज्यूबाट मिति २०७७/५/१९ गते नगर कार्यपालिकाको ९१ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगर कार्यपालिकाको यस बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | कानूनमा भएको व्यहोरा | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|---|
| १. | दक्षिणकाली स्वास्थ्य चौकीको स्थान छनौट सम्बन्धमा । | | • यस दक्षिणकाली नगरपालिका वडा नं. ६ मा रहेको स्वास्थ्य चौकी भवनको अभावबाट सेवा प्रवाहमा समस्या भएको हुदाँ यस नगरपालिकाको वडा नं.६ चुनिपुकुंमा रहेको हाल यस नगरपालिका अन्तर्गत आयुर्वेद औषधालय सञ्चालनमा रहेको पर्ती जग्गा कि.नं.६५, क्षेत्रफल ३-१-२-१ मा दक्षिणकाली स्वास्थ्य चौकीको भवन निर्माण गर्नका लागी जिल्ला आयोजना कार्यान्वयन ईकाई (भवन), राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, बबरमहल, काठमाडौंलाई अनुरोध गर्ने । |
| २. | नगर दररेट स्वीकृत सम्बन्धमा । | | • मिति २०७७/७/३१ गते काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री जनकराज दाहालज्यूको अध्यक्षातामा आ.ब.०७७/०७८ का लागी निर्माण सामग्री र ढुवानीको दररेट, मेसिन तथा उपकरणको भाडा र श्रमिकको ज्याला निर्धारण समितिले स्वीकृत गरेको दररेट माथि छलफल हुदाँ केही **Item** मा संशोधन गर्नु पर्ने देखिएकोले उक्त संशोधित दररेट नगर प्रमुखबाट प्रमाणित गर्ने । |
| ३. | पर्यटन मन्त्रालय "पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम" आयोजना छनौट सम्बन्धमा । | | • नेपाल सरकार सँस्कृति, पर्यटन तथा नागरीक उड्डयन मन्त्रालयले आ.ब.०७७/०७८ मा स्थानिय तहसँगको साझेदारी मार्फत् सञ्चालन गर्न लागेको "पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम" अन्तर्गत तपसिलको योजनाहरुलाई प्राथमिकताका साथ प्रस्ताव गर्ने ।<br>तपसिल<br>क) द.न.पा.५ को गोरखनाथ पार्क (हाइकिङ ट्रायल र भ्यू टावर)<br>ख) द.न.पा.४ को बाँसबारी पार्क (पिकनिक स्पोर्ट र पार्क)<br>ग) द.न.पा.६, ७ र ८ को दक्षिणकाली क्षेत्र पार्क निर्माण |
| ४. | उपत्यका विकास प्राधिकरणसँग आयोजना माग गर्ने सम्बन्धमा । | | • उपत्यका विकास प्राधिकरणलाई निम्नानुसारको आयोजनाहरु स्विकृत गरी कार्यान्वयन गरिदिनको लागी अनुरोध गर्ने ।<br>(क) द.न.पा.७ को **Madan bhandari Rheotorical Park**<br>(ख) द.न.पा.५ को शेषनारायण पार्क<br>(ग) द.न.पा.६ को पञ्चल गणेश पोखरी सहितको पार्क<br>(घ) द.न.पा.५ को त्रिभुवन आदर्श मा.वि.को बाटो सहितको पार्क |
| ५. | चाल्नाखेल प्राथमिक स्वास्थ्य केन्द्र तथा मनमोहन स्मृती सामुदायिक अस्पताललाई | | • विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड - १९) को संक्रमण यस दक्षिणकाली नगरपालिकामा पनि दिनानुदिन बढ्दै गईरहेको अवस्थामा यस न.पा.वडा नं. १ मा रहेको चाल्नाखेल |

| | | | |
|---|---|---|---|
| | आइसोलेसन केन्द्र स्थापना गर्ने सम्बन्धमा । | | प्राथमिक स्वास्थ्य केन्द्रलाई पालिका स्तरको अस्पतालमा रुपान्तरण गर्ने र कोभिड संक्रमणको अवस्था सम्मलाई १०० शैय्याको आईसोलेसन सेन्टर तयार गर्नुका साथै वडा नं. ६ मा रहेको मनमोहन स्मृती सामुदायिक अस्पताललाई भौतिक पूर्वाधार एवं सुविधा सम्पन्न अस्पताल सहित ५० शैय्याको आईसोलेसन सेन्टर बनाउन संघीय तथा प्रदेश सरकारलाई अनुरोध गर्ने । |
| ६. | करारका कर्मचारीहरुको निरन्तरता सम्बन्धमा । | | • गत आ.ब.मा करार सेवामा कार्यरत कर्मचारीहरुलाई साविककै कर्मचारीलाई साविककै पद/तहमा निरन्तरता दिने र नगरपालिकाको न्यायिक समिति र नगरपालिकाको कानुन ईकाईका लागी कानुनी सहजकर्ता आवश्यक भएकोमा बागमती प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको च.नं.१६१४, मिति २०७७/३/१५ को पत्रानुसार कानुनी सहजकर्ता (सहायक स्तर पाँचौ) को दरबन्दिलाई आन्तरिकिकरण गरी साविकमा कार्यरत कानुनी सहजकर्ता ननिता खत्रीलाई निरन्तरता दिने । |
| ७. | प्राकृतिक स्रोतको बिक्रि, संकलन सम्बन्धमा ।<br><br>प्रतिलिपि प्रमाणित<br>(दिपक कुमार के.सी.)<br>प्रमुख प्रशासकीय अधिकृत | | • दक्षिणकाली नगरपालिका क्षेत्र भित्रको ढुङ्गा, गिट्टी, ग्राभेल, बालुवा र माटो लगायतको प्राकृतिक स्रोतको बिक्रि र संकलन दस्तुर उठाउन मिति २०७७/३/१६ गते सार्वजनिक सुचना प्रकाशित भएकोमा हालसम्म पनि उक्त आय ठेक्का सम्झौता नभएको हुदाँ ठेक्का बन्दोबस्त नभएसम्मका लागी राजश्व संकलन गर्न यस कार्यालयबाट कर्मचारी खटाई शुल्क दस्तुर उठाउने व्यवस्था गर्ने ।<br><br>• मिति २०७७/२/३२ को ८९ औं कार्यपालिका बैठकबाट यस नगरपालिका भित्र आगामी आ.ब.०७७/०७८ को लागी ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, रोडा र माटो लगायत प्राकृतिक स्रोतको संकलन तथा बिक्री करको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धमा स्थानीय राजश्व परामर्श समितिबाट मिति २०७७/२/१९ मा गठित कार्यदलबाट प्राप्त प्रतिवेदन समेतका आधारमा आगामी आ.ब.को ठेक्का आव्हान गर्न न्यूनतम अंक रु.३,६०,०५,०००।- (तिन करोड साठी लाख पाँच हजार रुपैयाँ) कायम गरी मिति २०७७/३/१६ गते अन्नपूर्ण पोष्टमा सार्वजनिक सुचना प्रकाशित गर्दा ठेक्का पर्न नआएकोले पुनः उपप्रमुख एवं राजश्व परामर्श समितिको संयोजक बसन्ती तामाङ डंगोलज्यूको संयोजकत्वमा गठित समितिले पेश गरेको प्रतिवेदनमा उल्लेख गरे अनुसार न्यूनतम अंक मु.अ.कर बाहेक रु.२,४०,०३,३३४।- (दुई करोड चालिस लाख तिन हजार तिन सय चौतिस रुपैयाँ) कायम गरी पुनः १५ दिने सार्वजनिक सुचना प्रकाशित गर्ने । |

बागमती प्रदेश, नेपाल
२०७३